बिधेयक संख्याः

# राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

२०८०

## संघीय संसद सचिवालय


संसद भवन

सिंहदरबार, काठमाण्डौं

# सैद्धान्तिक अवधारणा

नेपालको संविधानको भाग २९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था बमोजिम राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ ले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को केही व्यवस्थाहरुमा संशोधन गरेको र संशोधन पश्चात मिति २०७८/०६/११ मा उक्त अध्यादेश सम्माननीय राष्ट्रपतिबाट प्रचलित कानून बमोजिम खारेज भईसकेको हुँदा संवैधानिक प्रचलन तथा प्रचलित कानूनको मूलमर्म र भावना एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई हेर्दा अध्यादेशले परिवर्तन गरेका कानूनी व्यवस्थाहरुलाई हटाएर ऐनको साविककै व्यवस्था कायम राख्न मूलतः संशोधन विधेयक आवश्यक हुने देखिएकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक तयार गरिएको छ ।

...............................

**माननीय नारायणकाजी श्रेष्ठ**

**गृहमन्त्री**

# आर्थिक टिप्पणी

नेपालको संविधानको मर्म र भावना अनुरुपको उद्देश्य प्राप्तिका लागि बनेको राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को केही व्यवस्थाहरुमा अध्यादेशले संशोधन गरेको र सो पश्चात उक्त अध्यादेश खारेज भएको अवस्थामा ऐनको साविककै व्यवस्था कायम राख्न आवश्यक देखिएकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गरिएकोमा उल्लेखित राजनीतिक दल सम्बन्धी ऐन, २०७३ का अध्यादेशबाट तत्कालिन संशोधित व्यवस्थाहरुलाई संशोधन गरी साविककै व्यवस्था प्रचलन गर्न गराउन नेपाल सरकारलाई कुनै आर्थिक भार नपर्ने देखिन्छ ।

..............................

**नारायणकाजी श्रेष्ठ**

**उपप्रधानमन्त्री एवं गृहमन्त्री**

## राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को साबिकको व्यवस्था जगाउन बनेको विधेयकको तिन महले विवरण

| क्र.सं. | ऐनको | | | | राजनीतिक दल सम्बन्धी(दोश्रो संशोधन) अध्यादेश, २०७८ ले व्यवस्था गरेको ऐनको साविक व्यवस्था | राजनीतिक दल सम्बन्धी ऐन, २०७३ का साविकका व्यवस्थाहरु | संशोधन पेश गर्नु पर्नाको कारण |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उपखण्ड | | | |
| १ | ३३ | (२) | | | <u>दफा ३३ को उपदफा (२) मा</u><br>"उपदफा (२) महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरु समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छैन।" | <u>दफा ३३ को उपदफा (२)</u><br>"उपदफा (२) कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरु समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छैन।" | मिति २०७८।०६।११ मा राजनीतिक दल सम्बन्धी (दोश्रो संशोधन) अध्यादेश, २०७८ खारेज भएकोले साविककै व्यवस्था राख्न आवश्यक भएकोले। |
| ३ | ४८ | १ | | | <u>दफा ४८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश</u><br>"दर्ता गरिसकेका दलले" भन्ने शब्दहरु पछि "वा दफा ३३ को उपदफा (२) बमोजिम | <u>दफा ४८ को उपदफा (१) को साविकको प्रतिबन्धात्मक वाक्यांश</u><br>"तर सम्बन्धित निर्वाचनको प्रयोजनको लागि दर्ता | मिति २०७८।०६।११ मा राजनीतिक दल सम्बन्धी (दोश्रो संशोधन) अध्यादेश, २०७८ खारेज भएकोले साविककै व्यवस्था राख्न आवश्यक भएकोले। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गठन भएको नयाँ दलले" भन्ने शब्दहरु झिकिएका छन् । | गरिसकेको दलले उपनिर्वाचनमा भाग लिन पुनः दल दर्ता गर्नुपर्ने छैन। “ | |

# <u>राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**प्रस्तावना:** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ मा संशोधनः** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरु समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छैन।"

३. **राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ मा संशोधनः** दफा ४८ को उपदफा (१) पछि देहायको प्रतिवान्धात्मक वाक्यांश थपिएको छ :-

तर सम्बन्धित निर्वाचनको प्रयोजनको लागि दर्ता गरिसकेको दलले उपनिर्वाचनमा भाग लिन पुनः दल दर्ता गर्नु पर्ने छैन।